# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८१/०९/०७
बैठक संख्या: ४५
समय: बिहान ११:०० बजे।

समितिको आजको बैठक दुई सत्रमा विभाजित गरी देहाय बमोजिमको छलफल र निर्णय भयो ।

१. पहिलो सत्र अन्तर्गत सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक माथि संशोधन प्रस्ताव दर्ता गराउनुहुने मा. श्री रणेन्द्र बरालीले आफूले प्रस्ताव गरेका संशोधनका व्यहोरा, संशोधन राख्नुपर्ने कारण र समग्र विधेयकका बारेमा धारणा सहित संशोधन प्रस्तुत गर्नुभयो। संशोधनकर्ता माननीय सदस्यले प्रस्ताव गर्नुभएका संशोधनमाथि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिले मन्त्रालयको धारणा व्यक्त गर्नुभयो।

२. दोस्रो सत्र अन्तर्गत सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकमाथि अर्थ मन्त्रालयका सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि समेतको उपस्थितिमा विधेयकमाथिको दफावार छलफल प्रारम्भ भयो। छलफलको क्रममा संशोधन प्राप्त दफाहरू, राष्ट्रीय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८० सम्बन्धी प्रतिवेदनमा छलफल भई दफावार छलफल समाप्त भयो। छलफलका क्रममा सहमति भएका विषयहरू समेटी मिति २०८१।०९।११ गते बिहान ११:०० बजे बस्ने बैठकमा समिति सचिवालयले प्रतिवेदनको मस्यौदा पेश गरी प्रतिवेदनमाथि छलफल हुने गरी आजको बैठक स्थगित भयो।

..............................
रेखा उपाध्याय खनाल
समित सचिव

..............................
सन्तोष चालिसे
सभापति